☎ फोन नं.: 98550364125, 9855048899
Email : pmamp.piu.bara@gmail.com
वेभसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, बारा

## (कार्यक्षेत्र: बारा र पर्सा)

## न्यूनतम समर्थन मूल्यमा धान खरिदका लागि सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना !

**सूचना प्रकाशित मिति : २०८२/०५/०४**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बारा अन्तर्गतको कार्यक्षेत्र बारा र पर्सा जिल्लामा **"न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका-२०७७"** को बमोजिम धान खरिद गर्न इच्छुक सहकारी संस्थाहरुले तपसिल बमोजिमका कागजात तथा विवरणहरु सहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात २०८२/०५/१८ गते सम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ बारामा सुचिकृत गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

### सुची दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :

१. सुचि दर्ता गरिपाउँ भनी रु. १०।- को टिकट टाँस गरेको निवेदन ।
२. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी र संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व. २०८०/०८१, / २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
४. प्रस्तावना सम्बन्धी कार्य गर्नका लागि आधिकारीक व्यक्ति तोकेको निर्णय र निजको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
६. धान खरिद सम्बन्धमा निम्न बमोजिम विवरण उल्लेख भएको प्रस्तावना

- सहकारी संस्थाको नाम ठेगाना,
- सहकारी संस्थाको सेयर पुंजी
- सहकारी संस्थाको कारोबार रकम र सहकारी संस्थाको कार्यक्षेत्र
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण
- धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोत
- खरिद गरिएको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

**नोट : धानको भण्डारण सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागि प्रति क्विनटल रु. ११२।- (एक सय बाह्र मात्र) रुपैयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान रकम कार्यालयले सहकारी संस्थालाई उपलब्ध गराउने छ ।**

- न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन सम्बन्धी निर्देशिका-२०७७ को पालना गर्ने ।
- सम्झौताको समयमा कार्यालयबाट तोकिएका अन्य शर्तहरु

**नोट : विस्तृत जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, बाराको वेबसाइट www.piubara.pmamp.gov.np मा वा सम्पर्क नम्बर मोबाईल नं. ९८५५०४५९३६, ९८५५०४८८९९, र सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

.....................
**कार्यालय प्रमुख**

डा. हरेराम यादव
वरिष्ठ कृषि अधिकृत